'यो पटिच्चसमुप्पादं पस्सति, सो धम्मं पस्सति ।'

(जसले 'प्रतीत्यसमुत्पाद'लाई बुझ्दछ, उसले धर्मलाई यथार्थतः बुझ्दछ ।)

# कारण-कार्यको सिद्धान्त

## (प्रतीत्यसमुत्पाद-धर्म)




लेखक

दोलेन्द्ररत्न शाक्य

दथुलँ, शंखमूल, ललितपुर ।

Downloaded from http://dhamma.digital/



भगवान बुद्धद्वारा अशक्त बिरामीको सेवा गर्दै



अनाथपिण्डिक महाजनको घरमा काम गर्ने दासी पूर्णिकाले ब्राम्हणलाई नुहाइरहेको अवस्थामा पानीले पाप पखाले धर्म पनि पखालिन्छ भनी उपदेश सुनाइरहेकी


Downloaded from http://dhamma.digital/

'यो पटिच्चसमुप्पादं पस्सति, सो धम्मं पस्सति ।'

जसले प्रतीत्यसमुत्पाद-धर्मको अवबोध गर्दछ, उसले यथार्थ धर्मलाई बुझ्दछ ।

# कारण-कार्यको सिद्धान्त

## (प्रतीत्यसमुत्पाद-धर्म)




लेखक

**दोलेन्द्ररत्न शाक्य**

दथुलँ, शंखमूल ललितपुर

०१-५२६ १५४०

Downloaded from http://dhamma.digital/

प्रकाशक : धम्मसाकच्छा संघ
हःखा, ललितपुर ।
फोन : ०१-५२०२५०६

पुस्तकको नाम : **कारण-कार्यको सिद्धान्त**
(प्रतीत्यसमुत्पाद-धर्म)
(Law of Dependent Origination)
(संघको ९ औं पुस्तक प्रकाशन)

लेखक : – दोलेन्द्ररत्न शाक्य
दथुलँ, शंखमूल, ललितपुर
०१-५२६१५४० / ९८४३-४१६६८५
Dolendra Ratna Shakya
Dathulan, Shankhamool, Lalitpur
01-5261540 / 9843–416685

प्रकाशन वर्ष वि.सं. २०७३ श्रावण ने.सं. ११३६
बु.सं. २५६० ई.सं. २०१६ जुलाई

प्रथम संस्करण : १००० थान ।

सर्वाधिकार सुरक्षित : लेखक तथा प्रकाशकमा ।

मुद्रक : राजमति प्रिन्टिङ प्रेस
नकबहिल, ललितपुर ।
फोन ५५३४५२७

नि:शुल्क धर्म-दान



Downloaded from http://dhamma.digital/

# धर्मोपहार

सबै सद्धर्मप्रेमी उपासक उपासिकाहरुमा भगवान बुद्धद्वारा प्रतिपादित यो 'कारण–कार्य सिद्धान्त' पुस्तक धर्मदान गर्दै यसमा वर्णित दुःख के हो, दुःखको उत्पत्ति कसरी हुँदो रहेछ, जीवन के हो, जीवन धारण किन गर्नुपरेको रहेछ र जीवनको प्रादुर्भाव कसरी हुँदो रहेछ, जीवन के हो, मरण के हो भन्ने आत्मदृष्टिरहित उपदेशको अवगत गर्न

र

ईश्वरवादको तर्क बहस गरी खण्डन मण्डन गर्न नपरिकनै अनात्म–धर्मको आख्यान गरिएको कारण–कार्यरुपी यो धर्म नै सही धर्मको आख्यान हो भन्ने कुराको बोध गर्न

अनि

यो कारण–कार्यको सिद्धान्त पनि धर्मका ६ गुणमध्ये एक 'स्वाक्खातो' गुणले आच्छादित छ भन्ने तथ्यको उजागर आफूमा हुन दिन पुस्तकका सम्पूर्ण पाठकवृन्दमा यसमा निहित ज्ञानद्वारा जन्म, जरा, व्याधि मरणादि दुःखबाट सर्वथा मुक्त रहेको 'विमुक्ति–रस' शिघ्रातिशिघ्र पान गर्न सकौँ भन्ने शुभ–कामनाका साथ यो पुस्तक धर्मोपहारको रुपमा सुम्पन चाहन्छौं ।

स्वीकार्नु होला ।

**मंगल–कामनाका साथ**

**धम्मसाकच्छा संघ परिवार**



Downloaded from http://dhamma.digital/

# श्रद्धा-सुमनसहित

# *निर्वाण-कामना*

जन्म-मरणरूपी कारण-कार्यको चक्करमा घुम्न नपर्ने अवस्था
मुक्ति 'निर्वाण'को शिघ्र साक्षात्कार गर्न सकून् भनी



दिवंगत पिता ***तेजरत्न शाक्य*** एवं माता ***ज्ञानकुमारी शाक्य***
साथै
धर्म-प्रेरणा दिई धर्म-भूमिमा पाइला टेकाइजाने
मेरी उनी



दिवंगत ***हीराशोभा शाक्य***मा सदा निर्वाण–कामना गर्दछु ।

**दोलेन्द्ररत्न शाक्य**

**(लेखक)**



Downloaded from http://dhamma.digital/

# संघका तर्फबाट मन्तव्य

प्राणीमात्रको कल्याण र दुःख-मुक्तिको लागि पथप्रदर्शन गर्नु हुने शान्तिनायक गौतम बुद्धका उपदेश र शिक्षाप्रति जनमानसमा चेतना अभिवृद्धि गर्ने उद्देश्य लिई बि. सं. २०५८ साल चैत्र २८ गते यस धम्मसाकच्छा संघको स्थापना भएको हो ।

प्रारम्भकालमा बुद्ध-शिक्षा सम्बन्धमा धर्मदेशना, प्रवचन, अन्तर्क्रियाका कार्यक्रमहरु संचालन गर्दै पछि १ घण्टाको सामुहिक ध्यान भावना गर्नु गराउनुको साथै श्रद्धेय भन्ते अनागारिकाहरुलाई बेलाबेलामा भोजनदान गर्ने, भिक्षाटन गराउने, गुँलाधर्म देशना, विभिन्न धार्मिक स्थल दर्शन भ्रमणको आयोजना आदि कार्यक्रमहरु पनि यस संस्थाले संचालन गर्दै आइरहेको छ ।

बुद्ध जन्मभूमि लुम्बिनी, नेपालबारे राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा सत्य तथ्यपूर्ण जानकारी दिने उद्देश्यले बि. सं. २०६७ सालदेखि विभिन्न स्थानमा तत्सम्बन्धी फोटो प्रदर्शनीको आयोजना पनि यस संघले गर्दै आइरहेको छ । साथै लुम्बिनीमा आयोजित अन्तरराष्ट्रिय बौद्ध सम्मेलनहरुमा समेत संलग्न भई यस्तो फोटो प्रदर्शनीको आयोजना गर्न सफल भइसकेका छौँ ।

बि. सं. २०७० सालदेखि बुद्ध-शिक्षा प्रचार प्रसार हेतु विभिन्न शिर्षकका आठ (८) वटा ससाना पुस्तिकाहरु दाताहरुमार्फत् यस संघले



Downloaded from http://dhamma.digital/

प्रकाशनमा ल्याई नि:शुल्क वितरण गर्दैआइरहेको छ भने अन्य पुस्तिकाहरु पनि प्रकाशनको क्रममा छन् । यो पुस्तक पनि त्यसैको निरन्तरता हो ।

बुद्ध-शिक्षा प्रचार प्रसारकै निरन्तरताको लागि भनी यस संघले एउटा अक्षय कोषको समेत व्यवस्था गरिसकेको छ । तपाईंको हातमा परेको यो पुस्तक यसै अक्षय कोषअन्तर्गत प्रकाशित प्रथम पुस्तक हो । कोष स्थापना गर्न आर्थिक मद्दत गर्नुहुने सम्पूर्ण महानुभावहरुप्रति यो संघ हार्दिक आभार प्रकट गर्दछ ।

यस धम्मसाकच्छा संघका हितैषी कल्याणमित्र श्री दोलेन्द्ररत्न शाक्यज्यू द्वारा लिखित यो पुस्तक 'कारण-कार्यको सिद्धान्त' (प्रतीत्यसमुत्पाद-धर्म) जस्तो अति महत्वपूर्ण एवं गहनतम बुद्ध-शिक्षा विषयक पुस्तक प्रकाशन गर्न सुअवसर पाउनु हामीलाई निकै नै सौभाग्यपूर्ण प्रतीत भएको छ । यसका लागि हामी पुस्तकका लेखक श्री दोलेन्द्ररत्न शाक्यप्रति कृतज्ञता प्रकट गर्दै साधुवाद टक्र्याउँछौं ।

अन्तमा, बुद्ध-शिक्षा सम्बन्धका पुस्तक पुस्तिकाहरु प्रकाशन गर्न आर्थिक एवं भौतिकरुपमा सहयोग गर्नुहुने संघका सम्पूर्ण सदस्यहरु, टोलबासीहरु र हितैषी मित्रहरुलाई साधुवाद दिन चाहन्छु ।

भवतु सब्ब मंगलं ।

विनीत
चन्द्रबहादुर शाक्य
अध्यक्ष
धम्मसाकच्छा संघ
ह:खा, ललितपुर

२०७३ असार २३ गते बिहीबार



Downloaded from http://dhamma.digital/

# लेखकको कलमबाट

धर्म गर्ने धर्म गर्ने भनी सबै कराउँछन् र आआफ्नो ढंगले धर्म गरी टोपल्छन् पनि । तर वास्तविक धर्म के हो, धर्म किन चाहिएको हो र के गर्दा र के नगर्दा धर्म हुन्छ भन्ने कुरा धेरै कमले मात्र जानेका हुन्छन् । हुनसक्छ, धर्म गर्ने भन्दाभन्दै अधर्म पो भइरहेका छन् कि ! धर्मको नाममा हिंसा गर्ने बली दिने प्रथा आज पनि समाजमा हावी छ । धर्मको नाममा अधर्म भइरहेको ज्वलन्त प्रमाण त यही नै छ ।

धर्म गर्नु भनेको काय, वाक र चित्तमार्फत् स्वहित परहितको उद्देश्य राखी कार्य गर्नु र प्रज्ञाको बलले ध्यान साधनाद्वारा चित्तमा जमेका फोहर क्लेशलाई क्रमशः मिल्काएर चित्त विशुद्धिकरण गर्नु हो । यसको अन्तिम लक्ष्यचाहिँ दुःख–मुक्तिको अवस्था भेट्टाउनु हो । त्यसका लागि भगवान बुद्धद्वारा प्रतिपादित यो 'प्रतीत्यसमुत्पाद–धर्मलाई यथार्थतः बुझ्नु अति आवश्यक छ । आफू के कारणले कहाँबाट आएको हो, आफ्नो शरीर र चित्त कसरी अस्तित्वमा आएको हो, यसरी आगमनको कारण के हो र यसमा आफ्नो के कस्तो भूमिका रहेको छ भन्ने सम्बन्धमा केही नजानी मानिसले सहीरुपमा जीवन बाँचेको ठहरिँदैन । धर्म बुझेको ठहरिँदैन र आफूप्रति



Downloaded from http://dhamma.digital/

न्याय गरेको ठहरिँदैन ।

'प्रतीत्यसमुत्पाद-धर्म'को गहनता र उपादेयताबारे बताउँदै भगवान बुद्धले पनि भिक्षुहरुलाई भन्नुहुन्थ्यो कि यसलाई मामुली नठान, यसलाई जति बुझ्यो त्यति बुझ्न नपुगेझैं हुन्छ र बुझ्न कठिन प्रतीत हुन्छ । यसको बारम्बार केलाई केलाई विश्लेषण गरी गरी भाविता गरिरहनुपर्छ ।

यति महत्व बोकेको विषयमा पुस्तकै लेख्नु भनेको पनि कम चुनौतीको कुरो होइन । तर पनि गाह्रो छ भनी चुप लागेर त सरल हुँदैन । आफूले सुने बुझेको र अनुभूतिमा आएको कुराको आधारमा यस विषयमा लेख्ने जमर्को गरेको छु ।

'धम्मसाकच्छा संघ' ह:खाबाट तत्विषयमा एउटा सानो पुस्तक लेखिदिने अनुरोधलाई मैले नकार्न सकिनँ । धर्मदान गर्नु सबैभन्दा ठूलो दान हो भन्ने बुद्ध-वचन पनि सुने बुझेको छु । फेरि यही विषयमा पनि धर्म-चर्चामा चर्चा परिचर्चा गर्दैआएको र बुझ्ने बुझाउने काम हुँदैआएको र प्रकाशित भएका अन्य पुस्तक तथा लेख रचनामार्फत् यस विषयमा कलम चलाउँदैआएको परिप्रेक्ष्यमा पुस्तकको रुपमा प्रकाशित गरी शासनमा केही आफ्नो पनि योगदान होस् भन्ने चाहना त छँदैथियो । त्यसैले पनि उहाँहरुको अनुरोधलाई सहर्ष स्वीकार गरेको हुँ ।

'धम्मसाकच्छा संघ'को प्रारम्भिक कालदेखि म त्यस संस्थासित कमबेसी आवद्ध थिएँ । मलाई सम्झना छ, प्रवचन गराउने संघको उद्देश्य पूर्तिको शुरुवात मद्वारा नै भएको थियो । त्यसको लगतै सप्ताहव्यापी 'सद्धर्म-चर्चा कक्षा सप्ताह'को नामले लगातार सात दिनसम्म



Downloaded from http://dhamma.digital/

'चार आर्य-सत्य' विषयमा कार्यक्रम संचालन गरेको थिएँ ।

जे होस्, 'धम्मसाकच्छा संघ'बाट यस्ता सानातिना भए पनि पुस्तक प्रकाशनमा ल्याई बुद्ध-शिक्षालाई जनमानसमा भिजाउने जुन पुनीत उद्देश्य लिई पुस्तक प्रकाशन कार्य गर्नुभएको छ, त्यो उद्देश्य फलिभूत हुँदै जाओस् र पाठकवर्गले पनि स्वस्फूर्त मनले अध्ययन चिन्तनको विषय बनाओस् र यस कार्यबाट बुद्धशासन चीरस्थायी हुने दिशातिर उन्मुख हुन बल मिलोस् भन्ने मंगल-कामना व्यक्त गर्दछु र संघलाई अतिसय साधुवाद दिन चाहन्छु ।

दोलेन्द्ररत्न शाक्य

२०७३ असार २५ गते शनिबार (लेखक)



Downloaded from http://dhamma.digital/

# विषय-सूची


| क्र.सं | विषय-शिर्षक | पेज नं. |
|---|---|---|
| (क) | संघको तर्फबाट मन्तव्य | v |
| (ख) | लेखकको कलमबाट | vii |
| १) | पृष्ठभूमि | १ |
| २) | वृक्षको उपमा | १ |
| ३) | जीवन-वृक्ष | ३ |
| ४) | धर्म बुझ्नु प्रतीत्यसमुत्पाद बुझ्नु पर्छ | ५ |
| ५) | पञ्चस्कन्धको चिनारी | ६ |
| ६) | 'प्रतीत्यसमुत्पाद-धर्म' के हो ? | ९ |
| ७) | अनुलोम पालि पाठ र शब्दार्थ | ११ |
| ८) | अर्थ व्याख्या | १६ |
| ९) | प्रतिलोम पालि पाठ र अर्थ | १७ |
| १०) | अविद्या नै दुःखको मूल | १९ |
| ११) | चार आर्य-सत्यसँग मिलाएर हेर्दा | २१ |
| १२) | जानेको र मानेको धर्म | २४ |
| १३) | अनात्माको पुष्टि | २५ |
| १४) | यो नभएमा त्यो हुँदैन | २८ |
| १५) | ३ वट्ट, २ मूल, ४ भागको जानकारी तीन कालको | २९ |
| १६) | दुःखको भूमिका | ३१ |
| १७) | पद-विभाजन | ३४ |
| १८) | बुझ्ने बुझाउने आधार | ३५ |
| १९) | दुःखबाट पूर्ण-मुक्ति | ३८ |




Downloaded from http://dhamma.digital/

# कारण–कार्यको सिद्धान्त

(प्रतीत्यसमुत्पाद–धर्म)

### १) पृष्ठभूमि –

संसारमा कुनै कुरा पनि कारणविना बन्दैन, कारणविना कुनै पनि घटना घट्‌दैन र प्राणीहरुको पनि कारणविना जन्म हुँदैन । ती कारणहरु घटेका होस् वा घटाइएका, दृष्टरुपमा होस् वा अदृष्टरुपमा, साना कारणले होस् वा ठूला कारणले होस् कुनै शुभ वा अशुभ कार्य हुन दिनमा जिम्मेदार हुन्छन् । हेतु–फलको सिद्धान्तले यही भन्छ ।

कर्म संस्कार नभई जन्म हुँदैन । वस्तु र विचार नभई आविष्कार हुँदैन । त्यसैले कारण नभई कार्य हुँदैन । फेरि त्यही कार्य पछि आउने अर्को कार्यको लागि कारण भइदिन्छ । यसरी कार्यबाट कारण र कारणबाट कार्यको पाँङ्ग्रा अतीतमा पनि गुड्‌दै थियो, आज पनि गुड्‌दैछ र पछि पनि गुड्‌दैजानेछ । यो घटना आज भोलि मात्र होइन, अनमतग्ग संसारदेखि चल्दैआइरहेको छ । कारण रहिरहेसम्म पछि पनि कल्पौं कल्पसम्म पनि कार्य–कारणको चक्का अनवरत गुड्‌दैजानेछ ।कारण र कार्यबीच समन्वय हुन पनि एकैचोटी एकै परिवेशमा हुँदैन । त्यहाँ अनेक प्रक्रिया चल्छन् ।

### २) वृक्षको उपमा

बीउ नभई बोट बिरुवा हुँदैन । बीउबाट रुख बिरुवा भएको त पछि दृष्टरुपमा सबैले देख्दछन् । तर बीउबाट रुखसम्म विकसित हुन बीचमा अनेक तत्वले आपसमा मिली काम गर्दछन् । जब बीउ



Downloaded from http://dhamma.digital/

जमिनभित्र पर्दछ । त्यसलाई माटोले संरक्षण दिन्छ र त्यो बीउ जरामा परिणत हुन्छ । त्यहाँ ओसले उसलाई नरम बनाउँछ । माटोबाट गर्मी र ओसबाट नरमी पाउँदा त्यो बीउलाई अंकुरित हुन बल मिल्छ ।

क्रमशः जरा फैलिँदैजान्छ । माटोलाई मजबुतका साथ समाउँछ वा भनौं माटोले उसलाई मजबुतका साथ समाउँछ । यसले उसलाई माथि उठ्न बढ्न बल मिल्छ । हुँदाहुँदा त्यो बीउ अब बीउमा सीमित रहँदैन । उसले आफ्नो पुरानो अस्तित्व छोड्छ । नयाँ परिवेश पाउँछ, नयाँ रुप पाउँछ । अब ऊ जमिनभित्रमात्र सीमित भएर बस्दैन । ऊ तँछाड्मछाड् गर्दै जमिनबाहिर चियाउन थाल्दछ । नयाँ हावामा सास फेर्न थाल्छ । ऊ द्रुतगतिले बढ्न थाल्छ ।

समय पाएर त्यो बीउ अब बिरुवामा परिणत हुन्छ । पहिले त मसिनो डाँठ अनि पछि मोटो डाँठ भएर जमिनमा ठडिन थाल्छ । कमलो अवस्थाको हुँदा त्यसबेला उसलाई संरक्षणको जरुरत पर्दछ । गाईवस्तु, बोकाबाख्राको आहार बन्न पनि सक्छ । सबै ठिकठाक भएमा पछि गएर त्यो डाँठ मोटो र बलियो हुँदै मोटो फेदमा परिणत हुन्छ ।

मजबुत फेद भएपछि त्यसबाट अनेक हाँगाबिँगा फैलिँदैजान्छन् । हाँगाबाट पातपतिंगर फैलिँदै झ्याँगिन्छन् । त्यहाँ फूल पनि फुल्न थाल्छ । बीउ अनुसारको फूलको रंग, आकार प्रकार प्रकट हुन्छ । त्यस्तै बीउ अनुसारको फलहरु पनि लाग्छन् । अब आएर त्यो नाचीज बीउले एक विशाल रुखको रुप धारण गर्दछ । त्यसले फल दिनको साथै बटुवाहरुलाई शितल छहारी, चराचुरुङ्गीहरुको लागि बास, वातावरणमा हरियाली र हावामा अक्सीजनको मात्रा थप्ने काम पनि


Downloaded from http://dhamma.digital/

हुँदैजान्छ । उसको परोपकारी गुण उजागर हुँदैजान्छ ।

काल क्षेपन हुँदैजाँदा त्यो रुखको पनि अन्तिम समय आउँछ । रुख बूढो हुँदैजान्छ, धोद्रिँदैजान्छ । पातपतिंगर पनि आउन छाड्छन् । फूल फुल्न पनि छाड्छन् अनि फल लाग्न पनि छाड्छन् । चराचररुङ्गीले बास बस्न छाड्छन् । बटुवाहरुले उसको छाँया नपाउनाले सुस्ताउन पनि छाड्छन् । अन्त्यमा ठूलो हावाको झोक्का चल्छ । त्यो रुखले आफूलाई थाम्न सक्दैन र ग्वार्ल्याम्म ढल्न पुग्छ र उसको जीवन लीला समाप्त हुन्छ ।

## ३) जीवन–वृक्ष

माथि पृष्ठभूमीमा बीउबाट विशाल वृक्ष बनेर अन्त्यमा समाप्त हुने कुरा अवगत गर्न सक्छौं । ठीक यसैप्रकारले हाम्रो जीवनरुपी रुखको पनि विकास हुने र विनास हुने क्रम उस्तै हो । बीउको रुपमा हामीले गरेका कुशल अकुशल कर्मबीज छन् । माटोको रुपमा आमाको गर्भासयमा रहन जाने बाबुको शुक्र र आमाको डिम्ब छ । मलजलको रुपमा पूर्व र वर्तमानका कर्मसंस्कारहरु विद्यमान छन् । उत्पत्ति विनासको क्रम अनवरत चलिरहेकै हुन्छ । यसै क्रमको प्रभावमा भ्रूणको वृद्धिक्रम नरोकिकन अगाडि बढ्दैजान्छ । ९/१० महिना पुगेपछि गर्भबासको अवधि पनि समाप्त हुन्छ र प्रकटरुपमा भवभूमिमा पाइला टेक्छ । अनि प्रकटरुपमा भव–दुःखको थालनी हुन्छ । आफ्नो जरुरतका सामग्रीको जोहो आफूले नै गर्नुपर्छ । प्रारम्भिक अवस्थामा आमाबाटै आफ्नो आवश्यकताको परिपूर्ति खोज्छ – रोएर वा हाउभाउबाट ।

पहिलेको कर्मसंस्कार त उसले बोकेरै आएको हुन्छ । अलि



Downloaded from http://dhamma.digital/

ठूलो भई हिंड्न दगुर्न थालेपछि वा उसमा चैतन्य तत्वको वा भनौं चेतसिक राम्ररी नै विकास भएपछि र संगतको आड पाएपछि उसले नयाँनयाँ सोच र कर्म बनाउँदैजान्छ । शरीर र चित्तको वृद्धिक्रम त रोकिने होइन । क्रमशः अध्ययन सकी विवाहबारी हुने, बच्चाबच्चीको मातापिता बन्ने, परिवार र आफ्नो भरणपोषण, सुरक्षा र बन्दोबस्तको जिम्मेदारी निभाउने जिम्मा उसको काँधमा आइपर्छ । त्यसको लागि आफूलाई दाउमा थापेर जुज्छ । सुख दुःख भोल्छ । परिवार, समाज र देशको सुरक्षा र सेवामा आफूलाई व्यस्त बनाउँछ । साथै अनेक भवसंस्कार पनि थपिमाग्ने काम हुँदैगर्छ । वाहवाह, हाइहाइको फूलमाला पनि पहिरिन्छ, बदनाम र तिरस्कारको काँढाको झ्याङ्गमा पनि पल्टिन पुग्छ । यसोउसो गर्दागर्दै ऊ कुन सड्को बूढो भइसक्छ उसलाई थाहापत्तै हुन्दैन । उसले पछाडि फर्केर हेर्छ, केही रचनात्मक काम गर्न नसकेको र आध्यात्मिक सुख शान्तिको जगेर्ना केही गर्न नसकेको तीतो आभास पाउँछ । ऊ आफूलाई धिकार्न पुग्छ । उसलाई भान हुन्छ आफ्नो परत्रको लागि केही गर्ने जीवन त सकिसकेछ । उसलाई थकथक लाग्छ । के गर्ने समय फिर्ता लिन सकिदैन । उसले चाल पाउँछ, उसले त अनेक भवको भारी बोकिहिंड्नुपर्ने कारण त टन्नै थुप्याइसकेको रहेछ । अपायलोक, मनुष्यलोक, देवलोक वा ब्रम्हलोक पुगिने भवहेतु कमाइसकेको रहेछ । अधिकांश त अपायलोककै टिकट काटिसकेको हुन्छ । अपायलोक दुर्गति हो, मनुष्य र देवलोक सुगति हो र रुपब्रम्हलोक र अरुपब्रम्हलोक ब्रम्हगति हो । अन्तमा उसको जीवन लीला समाप्त हुन्छ । हामीमध्ये प्रायःको जीवन कहानी यस्तै यस्तै छ ।


Downloaded from http://dhamma.digital/

## ४) धर्म बुझ्न प्रतीत्यसमुत्पाद–धर्मलाई बुझ्नुपर्छ

यी र यस्तै कुराको अवधारणा 'प्रतीत्यसमुत्पाद–धर्म'को सिद्धान्तमा हामी अध्ययन गर्न सक्दछौँ । यो प्रतीत्यसमुत्पाद–धर्म कारण र कार्यको सिद्धान्त हो । यो हेतुफल परम्परामा आधारित धर्म हो । यसमा संसारको सृष्टि कसरी भयो र विनास कसरी हुन्छ भन्ने कुराको शिक्षा छैन । यसमा त जीवको जन्म कसरी कुन आधारमा हुन्छ, जन्म–मरणको पाँग्रा कसरी घुम्छ र दुःखको प्रादुर्भाव कसरी हुन्छ भन्ने बारेमा खुलस्त चित्रण पाइन्छ ।

यो भगवान बुद्धद्वारा प्रतिपादित जीवको उत्पत्ति र विनासबारेको एउटा वैज्ञानिक विश्लेषणयुक्त शिक्षा हो । रुढिवादी परम्परामा आधारित जीवको उत्पत्ति र विनासबारेका विचारधारालाई दिइएको झापड हो । जीवलाई ब्रम्हाले सृष्टि गर्छ, विष्णुले पालनपोषण गर्छ र महेश्वरले विनास गर्छ भन्ने जुन धारणा विद्यमान छ हाम्रो समाजमा त्यसको खण्डन मण्डन मात्र होइन, त्यसबारे यसले सही दिशा निर्देश गरेको पनि छ । यस प्रतीत्यसमुत्पाद–धर्मको विना पूर्वाग्रह अध्ययन, चिन्तन–मनन र आफ्नो शरीरमै घटाई अवबोध गरेमा पत्ता लाग्नेछ यहाँ ब्रम्हा कहाँ छ, के लाई ब्रम्हासदृश मान्ने हो, पालनपोषण कसले केबाट हुने हो र विनास कसले केबाट हुने हो भन्ने कुरा घामजस्तै छर्लङ्ग हुनेछ ।

प्रतीत्यसमुत्पाद–धर्मलाई यथार्थतः नबुझी धर्म बुझिँदैन । धर्मलाई यथार्थरुपमा नबुझी बुद्धको दर्शन हुँदैन । सारीपुत्रले भन्नुभएको छ – 'यो पटिच्चसमुप्पादं पस्सति, सो धम्मं पस्सति ।' अर्थात् जसले प्रतीत्यसमुत्पादलाई यथार्थरुपमा अवबोध गर्दछ, उसले धर्मलाई बुझ्दछ । फेरि भगवान बुद्धले आज्ञा गर्नुभएको छ – 'यो धम्मं पस्सति, सो मं



Downloaded from http://dhamma.digital/

पस्सति ।' अर्थात् जसले धर्मलाई यथार्थरुपमा बुझेको छ, उसले मेरो दर्शन गरेको हुन्छ । यसबाट पनि बोध गर्न सकिन्छ प्रतीत्यसमुत्पाद-धर्मको महानता र महिमा ।

प्रतीत्यसमुत्पाद-धर्मलाई मात्र केलाइ केलाइकन अध्ययन गर्न सकेमात्र पनि जीव, जगत, धर्म, अधर्म, जीवन, मृत्युबारेका अधिकांश भ्रम, भ्रान्ति, अन्योलता, शंका उपशंका सदाको लागि हट्छन् । आत्मदृष्टि, मिथ्यादृष्टि, सत्कायदृष्टि, शाश्वतदृष्टि र उच्छेददृष्टि जस्ता जन्म र मृत्युको फन्दामा फन्फनी घुमाउने र संसाररुपी कण्टकमय अरञ्य जंगलमा बारम्बार आनाजाना गर्न वाध्य गराउने कारक-तत्व निष्क्रिय भई उन्मूलनसमेत हुन्छन् ।

## ५) *पञ्चस्कन्धको चिनारी*

१) पञ्चस्कन्धको उत्पत्ति, कारण, निरोध र निरोध गर्ने मार्गलाई सही प्रकारले नजान्नु अविद्या हो । यसलाई सही प्रकारले जान्ने बाटो – कारण-कार्यको ज्ञान हो ।

२) पञ्चस्कन्ध भनेको दुःख-सत्य हो । समुदय-सत्य भनेको पञ्चस्कन्ध बनाउने कारण हो ।

३) उत्पति हुने सत्व प्राणी होइन, पञ्चस्कन्धमात्र हो ।

४) संस्कारको कारणले प्रतिसन्धि विज्ञानको उदय हुन्छ । त्यो विज्ञानको कारणले नाम र रुपको उत्पत्ति हुन्छ । नामरुप भनेको नै पञ्चस्कन्ध हो । पञ्चस्कन्ध कसैले बनाउने होइन, बनाउन पनि सक्दैन ।

५) क्लेशबाटै दुःखको प्रादुर्भाव हुन्छ । ल्केश बन्ने ठाउँ नै पञ्चस्कन्धरुपी घर हो ।



Downloaded from http://dhamma.digital/

६) ल्केश बढारेर फाल्नु छ भने आयतनरुपी ६ ढोकालाई बन्द गर्नुपर्छ । ढोका खोलर राखे बढार्दा बाहिरको धुलो (ल्केश) भित्रिन्छ । ढोका बन्द गरी बढार्दा हावा र धुलो भित्रिन्न ।

७) तृष्णा दुःखको कारण हो । निर्वाण दुःखशून्य अवस्था हो । दुःखलाई जाने तृष्णारुपी आगो निभाउन सकिन्छ ।

८) पञ्चस्कन्धको कार्य कारणलाई नजानिकन धर्म बुझ्न सकिदैन ।

९) सिर्फ पञ्चस्कन्धमात्र हुन्छ – स्त्री–पुरुष, सत्व–प्राणी, पशु–पंछी, देव–ब्रम्हा भन्ने केही हुँदैन । सबैमा रुप, वेदना, संज्ञा, संस्कार र विज्ञान यी पाँच स्कन्धमात्र हुन्छन् ।

१०) धर्म बुझ्नु छ भने पञ्चस्कन्धलाई जान्नु, पञ्चस्कन्धलाई जान्नु छ भने प्रतीत्यसमुत्पादलाई जान्नु ।
प्रतीत्यसमुत्पादलाई नबुझी धर्मलाई बुझ्न सकिन्न ।

११) पञ्चस्कन्धको स्वभाव बन्नु बिग्रनु स्वभाव हो । स्कन्धहरु उत्पति हुनेवित्तिकै बिग्रन्छन् । कारण अनित्य भएपछि कार्य पनि अनित्य नै हुन्छ ।

१२) देखिने पनि पञ्चस्कन्धसहित भएर नै देखिन्छ । रुप नै छैन भने नाम (चित्त)ले मात्र देखिने काम हुँदैन ।

१३) देखिने रुप १ र देख्ने मन ४ मिली पञ्चस्कन्धमार्फत् नै देखिने काम हुन्छ ।

१४) पञ्चस्कन्धलाई यथार्थरुपमा बुझेर भाविता गरेमा दुःखको स्वभावलाई प्रष्ट बुझिन्छ ।

१५) घाउ, चोट, रोग व्याधिमात्र दुःख होइन । रोग त शरीर धारण भएमात्र हुन्छ । शरीर धारण गर्न परुन्जेल दुःखभोग गर्न पर्छ नै । सुख वा सञ्चो कहाँ ?


Downloaded from http://dhamma.digital/

१६) पञ्चस्कन्धलाई बुझ्नु भनेको स्कन्धको स्वभावलाई जान्नुहो –
क) रुपस्कन्ध – नयाँनयाँ उत्पति भइरहने वा परिवर्तन भइरहने स्वभाव ।

ख) वेदनास्कन्ध – त्यो स्वभावलाई अनुभूति गर्ने अर्को स्वभाव ।

ग) संज्ञास्कन्ध – उत्पति भएकोलाई चिन्ने वा सम्झिने स्वभाव ।

घ) संस्कारस्कन्ध – उत्पति विनास भइरहने वा नयाँनयाँ बनाइरहने स्वभाव ।

ङ) विज्ञानस्कन्ध – स्वभावहरुलाई जान्ने स्वभाव ।

१७) रुपस्कन्ध भनेको पृथ्वी, जल, तेज र वायु धातुको समुह हो । शरीरलाई दृष्टरुपमा देख्न सकिन्छ तर यसको परमार्थ स्वभावलाई देख्न सकिदैन । शरीर अथवा रुप साँच्चै नै भएको पनि होइन, कसैले बनाएको (सृष्टि गरेको) पनि होइन । यसलाई त कर्म, चित्त, ऋतु र आहारले थामेको हो र पृथ्वी, आपो, तेजो र वायुले बनेको हो ।

१८) पञ्चस्कन्ध धारण गर्न पर्नुबाट मुक्त हुने मार्ग 'आर्य अष्टागिक मार्ग' हो ।

१९) पञ्चस्कन्धलाई दृढतापद्र्वक ग्रहण गर्दा यसलाई नै 'म' 'मेरो' भन्न पुगिन्छ । यसबाट दृष्टि गलत हुन्छ । सक्काय दिट्ठिमा परिन्छ । मिथ्यादृष्टि लिइन्छ र दुःख भित्रिन्छ ।

२०) हेतु–प्रत्ययको कारणले पञ्चस्कन्धको उत्पत्ति हुन्छ । त्यो हेतु भनेको अविद्या वा तृष्णाको कारणले उत्पन्न भएको संस्कार कर्म हो । पञ्चस्कन्धमा कुनै व्यक्ति, आत्मा वा अन्य कुनै सदा रहिरहने तत्व हुँदैन ।

२१) पञ्चस्कन्ध नै सम्पूर्ण दुःखको स्रोत हो । दुःखबाट मुक्त हुनु



Downloaded from http://dhamma.digital/

भनेको पञ्चस्कन्ध धारण गर्न नपर्नु हो । 'निर्वाण भनेको पनि पञ्चस्कन्ध धारण गर्नुबाट मुक्त भएको अवस्था हो । कारण-कार्यको सिद्धान्तले पञ्चस्कन्धको धारण कसरी हुन्छ भन्ने चित्रण गर्दछ ।

## ६) प्रतीत्यसमुत्पाद-धर्म के हो ?

'प्रतीत्य' भनेको कारणले गर्दा र 'समुत्पाद' भनेको उत्पन्न हुने भन्ने अर्थ लाग्छ । अतः 'प्रतीत्यसमुत्पाद-धर्म'ले यो कारणले गर्दा त्यो उत्पन्न हुन्छ, यो कारण हटे त्यो उत्पन्न हुँदैन भन्ने ज्ञान दिन्छ । उदाहरणको लागि – अविद्याको कारणले संस्कार बन्दछ र पञ्चस्कन्धको उत्पति हुन्छ । त्यस्तै अविद्या नरहे संस्कार बन्दैन र पञ्चस्कन्धको उत्पति पनि हुँदैन । पञ्चस्कन्धको धारण नै दुःख हो । दुःखको यथार्थ बोध नभई प्रज्ञा विकसित हुँदैन र निर्वाणको ढोकासम्म पुगिदैन ।

- ▶ कारण जुरेर पहिले हुँदै नभएको पदार्थ उत्पन्न हुने धर्मलाई 'प्रतीत्यसमुत्पाद-धर्म' भनिन्छ जस्तै आकाशबाट असिना पानी वर्षनु, आगोबाट धुँवा उठ्नु, पानीबाट बाफ उठनु, विरुवामा फूल फुल्नु र रुखमा फल लाग्नु, इत्यादि ।
- ▶ अविद्याबाट संस्कार, संस्कारबाट प्रतिसन्धि-विज्ञान भएर पञ्चस्कन्धको उत्पति भएर जन्ममरणादि धर्महरु उत्पन्न हुने धर्म-स्वभावलाई 'प्रतीत्यसमुत्पाद-धर्म भनिन्छ ।
- ▶ कुनै एक कारणबाट कार्य हुन गई उक्त कार्यबाट अर्को कारण उत्पन्न हुँदै कार्य-कारणको श्रृखला बन्दैजाने धर्म 'प्रतीत्यसमुत्पाद' हो ।


Downloaded from http://dhamma.digital/

- लोकुत्तर मार्गमा लम्कन र दु:ख-चक्रबाट उतीर्ण हुन 'प्रतीत्यसमुत्पाद-धर्म'को अवबोध हुनु नै पर्दछ ।
- सही धर्म बुझ्नु छ भने 'प्रतीत्यसमुत्पाद-धर्म'लाई प्रथमतः बुझ्नुपर्दछ ।
- 'प्रतीत्यसमुत्पाद-धर्म' बुझेको छैन भने विपल्लास-धर्मले ग्रसित पार्दछ । विपल्लास-धर्म भनेको गलतलाई सही देख्ने धर्म हो । यसबाट सत्काय दृष्टिले फस्टाउने मौका पाउँछ जुन निर्वाणको विपरित हो ।
- महाभिनिष्क्रमणपछि बोधिज्ञान प्राप्तार्थ बोधिवृक्षमुनि ध्यानस्थ हुँदा सिद्धार्थ कुमारले जन्मबाटै जरा, व्याधि, मरणादि दु:खहरुको प्रादुर्भाव हुँदा रहेछन् र ती दु:खहरुको मूल कारण अविद्या तथा तृष्णा नै हो भन्ने ज्ञान यही कारण-कार्यको सिद्धान्तअन्तर्गत अवबोध गरेका थिए । यस ज्ञानको प्रादुर्भाव भएलगत्तै उनी 'बुद्ध' कहलिए ।
- जीवन धारण गर्नुपर्ने कारण, कारणमाथिको कारणबाट प्रभाव, प्रभावमाथिको प्रभाव परी पञ्चस्कन्धको उत्पति कसरी हुन्छ र कसरी पञ्चस्कन्धको धारणबाट उन्मुक्ति पाइन्छ भन्नेबारे, दु:खको सम्बर्द्धन कसरी हुनजान्छ भन्नेबारे भगवान बुद्धले **'प्रतीत्यसमुत्पाद'**को सिद्धान्त'मार्फत् प्रष्ट्याउनुभएको छ ।
- प्रतीत्यसमुत्पादमा अनुलोम खुड्किलामार्फत् पञ्चस्कन्धको प्रादुर्भाव भई दु:ख भोग्नुपर्ने र प्रतिलोम खुड्किलामार्फत् पञ्चस्कन्ध धारण गर्नुबाट छुट्कारा पाइने वा सम्पूर्ण दु:ख-वन्धनबाट सदाको लागि छुट्कारा पाइने र सम्पूर्ण दु:ख-वन्धनबाट मुक्त हुने जोहो पनि भएको पाउँछौं ।


Downloaded from http://dhamma.digital/

## ७) प्रतीत्यसमुत्पाद-धर्म (अनुलोम)पालि पाठ

### (Dependent Origination)

**अविज्जापच्चया संखारा,**
**संखारापच्चया विञ्ञाणं,**
**विञ्ञाणपच्चया नामरुपं,**
**नामरुपपच्चया सलायतनं,**
**सलायतनपच्चया फस्सो,**
**फस्सपच्चया वेदना,**
**वेदनापच्चया तण्हा,**
**तण्हापच्चया उपादानं,**
**उपादानपच्चया भवो,**
**भवपच्चया जाति,**
**जातिपच्चया जरा-मरण-सोक-परिदेव-दुक्ख-दोमनस्स**
**उपायासा सम्भवन्ति ।**
**एवमेतस्स केवलस्स दुक्खखन्धस्स समुदयो होती'ति ।**

प्रतीत्यसमुत्पाद-धर्म मानिसको जन्म र मरणको बारेमा र दुःखहरूको प्रादुर्भाव र समनको बारेमा बताइएको धर्म हो । यसमा के कारणले जन्म लिनुपर्ने रहेछ, के कारणले मरण हुनुपर्ने रहेछ, के कारणले दुःखहरूको पहाड खडा हुने रहेछ भन्नेबारेमा व्याख्या गरिएको छ । त्यति मात्र होइन, ती दुःखहरूबाट सदाको लागि कसरी छुट्कारा पाउन सकिन्छ र कसरी दुःख-वन्धनबाट मुक्ति मिल्दछ भन्नेबारे पनि बताइएको छ । त्यसैले यसलाई दुःखको कारण र दुःखको निवारणबारेको सिद्धान्त वा धर्म वा नियम पनि भनिन्छ । तर यो कुरा हामीले याद राख्नुपर्दछ कि संसार कसरी बन्दछ भन्नेबारेको भने



Downloaded from http://dhamma.digital/

यो नियम होइन ।

अब यसमा प्रयोग भएका शब्दहरूको अर्थलाई पनि बुझ्नु उपयुक्त हुनेछ । अर्थ बुझेमा मात्र सिद्धान्तलाई बुझ्न मद्दत मिल्दछ ।

१) अविज्जा = चार आर्य-सत्यलाई यथार्थतः भाविता नगरेको हुनु वा नबुझ्नु । संस्कार उत्पन्न गराउने कारण ।

२) संखारा = कुशल, अकुशल तथा जप, तप ध्यानरुपी कर्मसंस्कार । विज्ञान उत्पन्न गराउने कारण ।

३) विञ्ञाण = प्रतिसन्धि विज्ञान, पूर्वजन्मबाट सन्धि हुन आउन चित्तको चेतना । नामरुप उत्पन्न गराउने कारण ।

४) नामरूप = नाम (चित्त) । रूप (शरीर) धारण गर्नु । पञ्चस्कन्धको धारण । ६ आयतन उत्पन्न गराउने कारण ।

५) सलायतन = आँखा, कान, नाक, जिब्रो, त्वचा र मन गरी ६ इन्द्रियको प्रादुर्भाव । ६ बाह्य आलम्वन सितको स्पर्श गराउने कारण ।

६) फस्सो = ६ इन्द्रियसित रूप, शब्द, गन्ध, रस, काय र विचारको स्पर्श । वेदना उत्पन्न गराउने कारण ।

७) वेदना = प्रिय, अप्रिय र प्रियाप्रियको अनुभूति हुनु । तृष्णा उत्पन्न गराउने कारण ।

८) तण्हा = वेदनाप्रति तृष्णा, कामना, लोभ, द्वेष, क्रोध, घृणा, ईर्ष्या जाग्नु । कसिलो आसक्ति (उपादान)



Downloaded from http://dhamma.digital/

उत्पन्न गराउने कारण ।

९) उपादान = आसक्तिको गाँठो फुक्नै नसकिने गरी कस्सिनु । भव उत्पन्न गराउने कारण ।

१०) भवो = अर्को जन्मको स्थान तय हुनु, भव बन्नु । जन्म दिने कारण ।

११) जाति = पूर्व वा वर्तमान कर्म मुताविक निधारित भवमा जन्म हुनु । विभिन्न प्रकारका शारीरिक र मानसिक दुःखहरुको कारण ।

(माथिको वर्णनबाट हामीले देख्छौं कि प्रत्येक खुड्किला कारण नै हुन् । कारणबाट कार्य हुन्छ र त्यही कार्य पनि पछिको कार्यको लागि कारण बनिदिन्छ ।)

---

१२) व्याधि = ९६ रोगमध्ये कुनै न कुनै वा केही रोगहरुको शिकार हुनु ।

१३) जरा = बूढ्याई, वृद्धत्व, जीर्णावस्थाको स्थितिमा गुज्रन पर्नु । जीर्णस्वभाव, परिपक्व हुने स्वभाव ।

१४) मरण = आयु वा कर्मक्षयको कारणले मृत्यु हुनु, वर्तमान पञ्चस्कन्धका अवसान हुनु, च्युत हुनु ।

१५) सोक = आफन्तको वियोगबाट हुने शोक विलाप ।

१६) परिदेव = डाँको छोडी वा सुँक्क सुँक्क घुँक्क घुँक्क गरी नाम लिइकन र गुण सम्झिकन रुनु ।

१७) दुक्ख = शरीरमा लाग्ने रोग, घाउ, चोटबाट अनुभूत गरिने दुःखकष्टहरु ।

१८) दोमनस्स = मानसिक पीडा, मनमा हुने बेचैनी, चिन्ता, बिलौना ।



Downloaded from http://dhamma.digital/

१९) उपायास = थकित र व्याकुल मनोभावनाले उच्छवास निकाल्नु ।

२०) दुक्खखन्ध = दु:खको थुप्रो ।

२१) समुदयो होति = उत्पन्न हुन्छन् ।

माथि उल्लिखित १ देखि ११ सम्मको शब्दावलीमा अन्तर्निहित अर्थ–

***अविद्या*** –

१) चार आर्य–सत्यको अवबोध नहुनु ।

२) कर्म र कर्मफलप्रति अविश्वास हुनु ।

३) प्रतीत्यसमुत्पाद–धर्म यथार्थ नबुझ्नु ।

४) परियति ज्ञानको अभाव हुनु ।

५) मिथ्यादृष्टिले आक्रान्त हुनु ।

***संस्कार***

१) पुण्याभिसंस्कार – भौतिक लाभको कामना गरी पुण्यकर्म गर्नु ।

२) अपुण्याभिसंस्कार – आत्मदृष्टि/मिथ्यादृष्टिमा परी पापकर्म गर्नु

३) आनिञ्जाभिसंस्कार – जप तप ध्यानबलले माथिको भवमा प्रतिसन्धि लिनु ।

Dhamma.Digital

***विज्ञान***

१) चित्त । २) चित्तको चेतना ।

३) प्रतिसन्धि–चित्त ४) नामस्कन्धको एक भाग ।

***नामरुप***

१) नाम – मन र मनले सम्पादन गर्ने काम ।

२) रुप – पृथ्वी, आपो, तेजो र वायुधातुले बनेको शरीर ।

***६ आयतन / स्पर्श***

१) आँखा र रुपको चक्षुविज्ञानको माध्यमद्वारा स्पर्श हुनु ।

२) कान र शब्दको श्रोतविज्ञानको माध्यमद्वारा स्पर्श हुनु ।



Downloaded from http://dhamma.digital/

३) नाक र गन्धको घ्राणविज्ञानको माध्यमद्वारा स्पर्श हुनु ।

४) जिब्रो र स्वादको जिह्वाविज्ञानको माध्यमद्वारा स्पर्श हुनु ।

५) त्वचा र स्पर्श्य पदार्थको कायविज्ञानको माध्यमद्वारा स्पर्श हुनु ।

६) मन र विचारको मनोविज्ञानको माध्यमद्वारा स्पर्श हुनु ।

***वेदना***

१) सुखद् वेदनाको अनुभव ।

२) दु:खद् वेदनाको अनुभव ।

३) असुखद् अदु:खद् वेदनाको अनुभव ।

***तृष्णा***

१) कामतृष्णा – भौतिक सुखको चाहना ।

२) भवतृष्णा – बाँचिरहने र उच्च भवमा जन्मने चाहना ।

३) विभव तृष्णा – यही जन्म मात्र हो, अर्को जन्म छैन भनी जथाभावी कर्म गर्ने चाहना ।

***उपादान***

१) काम उपादान – भौतिक सुख साधनमा टाँसिनु ।

२) दृष्टि उपादान – गलत धारणामा टाँसिनु ।

३) आत्म उपादान – आत्मदृष्टिमा टाँसिनु ।

४) शीलव्रत उपादान – अन्धविश्वासयुक्त व्यवहारमा टाँसिनु ।

***भव***

१) अरुपभव – ४ २) रुपभव – १६

३) देवभव – ६ ४) मनुष्यभव – १

५) अपायभव – ४

(कर्म अनुसार यी विभिन्न भवमा प्रतिसन्धि हुन जानु)



Downloaded from http://dhamma.digital/

## ८) अर्थ–ब्याख्या

अविद्या (अज्ञानता) नै हाम्रो दुःखको मूल कारण हो । बुद्धले अगाडि पत्ता लगाए – अविद्याको कारणले हामी संस्कार (कर्म) बनाउँछौं । संस्कारबाट विज्ञान (प्रतिसन्धि–चेतना) उत्पन्न हुन्छ । विज्ञानबाट नामरुप (mind and matter) बन्दछ । नामरुप भएपछि आँखा, कान, नाक, जिब्रो, त्वचा र मन गरी ६ आयतनसहित भएको शरीर धारण गर्न परिहाल्छ । शरीर धारण गरेपछि आँखाले राम्रो वा नराम्रा दृश्यको, कानले प्रिय वा अप्रिय शब्दको, नाकले सुगन्ध वा दुर्गन्धको, जिब्रोले मिठो वा नमिठो स्वादको, त्वचाले खस्रो वा मसिनो स्पर्शको र मनले सुखद् वा दुःखद् विचार वा कल्पनाको फस्स (स्पर्श) गरिहाल्छ । यसरी स्पर्श गर्दा प्रिय, अप्रिय वेदना (संवेदना) उब्जिहाल्छ । मिठो, प्रिय, राम्रो, स्वादिलो र सुखद् कुराको चाह गर्ने र नमिठो, अप्रिय, नराम्रो, खल्लो र दुःखद् कुराको घृणा गर्ने तृष्णा उब्जिहाल्छ । यसरी राग र द्वेषको उत्पति हुन्छ । मन परेको व्यक्ति वस्तु वा स्थितिको चाहना गर्ने राग र मन नपरेको वस्तु, व्यक्ति वा स्थितिप्रति घृणा, ईर्ष्या, बदलाको भावना उब्जाउने द्वेष ( तृष्णा) उत्पत्ति भएको कारणले त्यस व्यक्ति, वस्तु या स्थितिसँग रागसहित वा द्वेषभावसहित टाँसिरहने स्वभाव उपादान (कसिलो आसक्ति)ले ठाउँ ओगटिहाल्छ र भवमा पुग्नुपर्ने वाध्यताको सिर्जना हुन्छ । भव बनेपछि पुनर्जन्म लिनैपर्ने हुन्छ । जन्म लिएपछि व्याधि, जरा, मरणादि दुःखको कुचक्रबाट उम्कन नसक्ने स्थितिमा पुगिन्छ । साथै अनेक प्रकारका शारीरिक र मानसिक दुःख, कष्ट, पीडा भोग्नुपर्ने हुन्छ ।

त्यसैले हाम्रो परम शुत्र नै अविद्या वा अज्ञानता (बेहोसपूर्वक



Downloaded from http://dhamma.digital/

गरिने काम) हो । यस चक्रबाट उच्छिट्टिएर निक्लने हो भने अविद्याको जरा नै उन्मूलन गर्नुपर्छ । जरा नै नभए दु:खरुपी जंगल बढेर झ्याङ्गिने डर पनि त हुँदैन । जरालाई त्यसै राखेर विमुक्ति-सुख पाउन सकिंदैन । त्वचाले नरम स्पर्श पाउँदा र मनले सुन्दर विचार वा कल्पना गर्दा त्यसमा प्रिय संवेदनाको अनुभूति हुन्छ । त्यस्तै नराम्रो रुपमा, अप्रिय शब्दमा, दुर्गन्धमा, नमिठो स्वादमा, खस्रो स्पर्शमा र असुन्दर विचारमा अप्रिय संवेदनाको अनुभूति हुन्छ । प्रिय संवेदनामा प्रतिक्रिया हुँदा राग र अप्रिय संवेदनामा प्रतिक्रिया हुँदा द्वेष उत्पन्न हुन्छ । भन्नुको तात्पर्य तृष्णा उब्जिन्छ । तृष्णापछि उपादान, उपादानपछि कर्मभव, कर्मभवपछि पुनर्जन्म, पुनर्जन्मपछि रोगी हुनुपर्ने, बुढाबुढी हुनुपर्ने, मर्नुपर्ने र अनेक प्रकारका शारीरिक र मानसिक दु:खहरुको सिकार हुनुपर्ने हुन्छ ।

'प्रतीत्यसमुत्पाद-धर्म'ले जन्म-मरणको चक्रमा पिल्सिनुपर्ने कारणको मात्र चर्चा गर्दैन । यसले दु:ख-चक्रबाट उम्कने बाटो पनि बताउँछ । दु:ख र दु:खको कारण देखाउने प्रतीत्यसमुत्पादको पक्षलाई 'अनुलोम प्रकिया' भनिन्छ । दु:ख र दु:ख-मुक्तिको मार्ग इंगित गर्ने 'प्रतीत्यसमुत्पाद-धर्म'को अर्को पक्षलाई 'प्रतिलोम प्रक्रिया' भनिन्छ ।

## ९) प्रतीत्यसमुत्पाद-धर्म (प्रतिलोम)पालि पाठ
## (Dependent Origination)

१) अविज्जात्वेव असेस विराग निरोधा संखारा निरोधो,

२) संखारा निरोधा विञ्ञाण निरोधो,

३) विञ्ञाण निरोधा नामरुप निरोधो,

४) नामरुप निरोधा सलायतन निरोधो,



Downloaded from http://dhamma.digital/

५) सलायतन निरोधा फस्सो निरोधो,

६) फस्स निरोधा वेदना निरोधो,

७) वेदना निरोधा तण्हा निरोधो,

८) तण्हा निरोधा उपादान निरोधो,

९) उपादान निरोधा भवो निरोधो,

१०) भव निरोधा जाति निरोधो,

११) जाति निरोधा जरा-मरण-सोक-परिदेव-दुक्ख-दोमनस्स उपायासा निरुज्झन्ति ।

एवमेतस्स केवलस्स दुक्खखन्धस्स निरोधो होती'ति ।

प्रतिलोम खुड्किलाको अर्थ –

**१) अविज्जात्वेव असेस विराग निरोधा संखारा निरोधो,**

अविद्या निःशेष भई हटिसकेको भए संस्कार (कर्म) निरोध हुन्थ्यो ।

**२) संखारा निरोधा विञ्ञाण निरोधो,**

संस्कार निरोध भए चेतनाको धारा बग्ने थिएन ।

**३) विञ्ञाण निरोधा नामरुप निरोधो,**

चेतना नै नभए नामरुप (शरीर र मन) सम्भव हुँदैनथ्यो ।

**४) नामरुप निरोधा सलायतन निरोधो,**

शरीर र मन नभए आँखा, कान, नाक, जिब्रो, त्वचा र मन (६ आयतन) हुने नै थिएनन् ।

**५) सलायतन निरोधा फस्सो निरोधो,**

ती ६ आयतन नै नभए तिनका आआफ्ना विषय रुप, शब्द, गन्ध, रस, काय र विचारसँग स्पर्श सम्भव हुँदैनथ्यो ।



Downloaded from http://dhamma.digital/

**६) फस्स निरोधा वेदना निरोधो,**

स्पर्श नै नभए सुखद् दुःखद् वेदना उब्जिदैनथ्यो ।

**७) वेदना निरोधा तण्हा निरोधो,**

वेदना नै निरोध भएमा तृष्णा उत्पन्न हुँदैनथ्यो ।

**८) तण्हा निरोधा उपादान निरोधो,**

तृष्णा निरोध भए उपादानको गाँठो पनि कस्ने थिएन ।

**९) उपादान निरोधा भवो निरोधो,**

उपादानको गाँठो नकसे भव बन्दैनथ्यो ।

**१०) भव निरोधा जाति निरोधो,**

भव नभए जन्म पनि त हुने थिएन ।

**११) जाति निरोधा जरा-मरण-**

जन्म नै नभएमा जरा, व्याधि मरणादि दुःख हुँदैनथ्यो ।

**१२) सोक-परिदेव-दुक्ख-दोमनस्स उपायासा निरुज्झन्ति । एवमेतस्स केवलस्स दुक्खखन्धस्स निरोधो होती'ति ।**

अनि शोक हुने, विलाप गर्ने, शारीरिक दुःख झेल्ने, मन अनिलो पार्नुपर्ने, सुस्केरा हाल्नुपर्नेजस्ता मानसिक दुःख चिन्ता भोग्न पर्दैनथ्यो । यसरी सबै प्रकारका दुःख निरोध हुन्थे । दुःख शेषै नरहने गरी निर्मूल हुन्थ्यो ।

## *१०) अविद्या नै दुःखको मूल हो –*

अविद्या नभए कर्म संस्कार नबन्ने, विज्ञान(पुनर्जन्म) नहुने, चित्त र शरीरले संयुक्त जीवन धारण गर्नु नपर्ने, ६ आयतन भिर्नुनपर्ने, अनि इन्द्रियको विषयसित स्पर्श नहुने, सवेदना नउब्जने, सवेदनामा तृष्णाको प्रतिक्रिया नहुने, आसक्तिको गाँठो नकसिने, भवको निर्माण



Downloaded from http://dhamma.digital/

नहुने र जन्म लिनु नपर्ने हुन्छ । जन्म लिनु नपरे रोग, व्याधि, बुढ्याईं, मृत्यु र विभिन्न शारीरिक र मानसिक दुःखहरू कुनै पनि भोग्न नपर्ने हुन्छ । यसरी सम्पूर्ण दुःखको निरोध भई दुःख-मुक्तिको अवस्था निर्वाणको साक्षात्कार गर्न सकिने हुन्छ । यही नै 'प्रतीत्यसमुत्पाद सिद्धान्त'को 'प्रतिलोम प्रक्रिया' हो । दुःख-मुक्तिको बाटो यही हो ।

यसमा अविद्या र संस्कार यी दुई पूर्वकारण भए । विज्ञान, नामरूप, ६ आयतन, स्पर्श र संवेदना यी पाँच वर्तमान फल भए । यी पाँच कुराले सहित भएर अहिले हाम्रो जीवन चलिरहेको छ । तृष्णा, उपादान र भव यी तीन वर्तमानका कारणहरू बन्न गए र पहिले पहिलेका जन्महरुमा सचित कर्मक्लेश ननिखिए फेरि जन्म लिई जरा, व्याधि, मरण र अन्य शारीरिक र मानसिक दुःखहरू पछिका जन्ममा पनि यसरी नै हामीले दुःख भोग्नुपर्ने हुन्छ ।

यसबाट यो कुरा स्पष्ट हुन्छ कि अविद्या वा तृष्णाको समूल नास भएबाटै दुःख-मुक्ति को अवस्था भेट्टाउन सकिने रहेछ । यसलाई यसरी पनि भन्न सकिन्छ अतीतको अविद्या र संस्कारको कारणले वर्तमानमा जीवन धारण गर्नुपर्‍यो, वर्तमानमा तृष्णा वा आसक्ति उब्जाई गरिने कर्मले भविष्यमा पुनर्जन्म लिई जरा मरणादि दुःखको भागिदार बन्नुपर्ने हुन्छ । तर वर्तमान जीवनमा संवेदनाप्रति तृष्णा वा आसक्ति नजगाएको भए वा संवेदनामै अड्न सकेको भए वा संवेदनामा राग द्वेषको प्रतिक्रिया गरी कर्म संस्कार बन्न नदिएको भए जन्म मरणादि दुःखबाट त्राण पाइने थियो । संवेदनाप्रति तृष्णाको ठाउँमा प्रज्ञा जगाउन सकेको भए तृष्णा वा आसक्तिको कारणले कर्मसंस्कार बन्ने थिएन जसले गर्दा दुःख-मुक्तिको अवस्था निर्वाण-पद प्राप्त गर्ने बलियो आधार बन्थ्यो ।


Downloaded from http://dhamma.digital/

'प्रतीत्यसमुत्पादको सिद्धान्त'ले हामीलाई थाहा दिन्छ कि हामीमा स्कन्ध परमार्थ–धर्मको यथार्थ ज्ञानको अभाव हुनाले नै दुःखको पहाड चुलिँदै जाने हुन्छ । त्यसको न्यूनीकरण गर्न र अन्ततोगत्वा सफाचट पार्न प्रथमतः अविद्या वा तृष्णा वा आसक्तिलाई नै हटाउनुपर्दछ अथवा प्रज्ञाकै सम्बर्द्धन गर्नुपर्दछ ।

जीवनमा हामीले अनेक प्रकारका दुःखहरूको सामना गर्नुपर्दछ । यसको कारण **जन्म** नै हो । जन्मको पनि कारण **भव** हो । भव भनेको कर्मभव हो । कर्मभव भनेको १० कुशलाकुशल कर्म हो । भवको कारण **आसक्ति** हो । आसक्तिको कारण **तृष्णा** हो । तृष्णाको कारण **संवेदना** हो । संवेदनाको कारण तत् विषयसँग इन्द्रियको **स्पर्श** हो । इन्द्रिय स्पर्शको कारण **६ आयतनहरु ( इन्द्रियहरू)** हुन् । ६ इन्द्रियहरू हुनाको कारण **शरीर र चित्त**को संगम हो । शरीर र चित्तको संगमको कारण **पुनर्जन्म** (हाम्रो अहिलेको जन्म) हो । पुनर्जन्मको कारण **कर्म संस्कार** हो । कर्म संस्कारको कारण **अविद्या** अथवा चार आर्य–सत्यबारे यथार्थतः भाविता गरी प्राप्त ज्ञान नहुनु हो । सत्य तथ्य ज्ञानको अभाव हो । यसरी हामी जन्मको सुरुवात कसरी भयो र अन्त कसरी हुनजान्छ भन्नेबारेमा बुझ्न सक्दछौं । मूलतः अविद्या अथवा अज्ञानता नै जन्म–मरणको मूल कारण हो ।

## ११) चार आर्य–सत्यसँग मिलाएर हेर्दा –

आर्य–सत्यलाई आधार बनाएर प्रतीत्यसमुत्पाद–धर्मलाई बुझ्न सकिन्छ । यसबाट चार आर्य–सत्य र प्रतीत्यसमुत्पाद–धर्मको आपसी समन्वयलाई पनि बुझ्न हामीलाई सरल हुनेछ । चार आर्य–सत्य


Downloaded from http://dhamma.digital/

भनेका यिनै हुन् –

***क) दुःख छ।***

यो पहिलो आर्य–सत्य हो ।

***ख) दुःखको कारण छ।***

यो दोस्रो आर्य–सत्य हो ।

***ग) दुःख–मुक्तिको अवस्था छ।***

यो तेस्रो आर्य–सत्य हो र

***घ) दुःख–मुक्तिको अवस्था भेट्टाउने मार्ग छ।***

यो चौथो आर्य–सत्य हो ।


यी चार आर्य–सत्यलाई सुरुको दुईटालाई एक भाग र अर्को दुईटालाई अर्को भागमा विभक्त गरी हेरेमा थाहा लाग्दछ कि पहिलो भाग 'दुःख छ र दुःखको कारण छ' भन्नेले 'प्रतीत्यसमुत्पाद–धर्म'को अनुलोम प्रक्रियालाई ईंगित गर्दछ । यसले दुःख–चक्र घुमाउँछ । यसबाट कारण–कार्यको नियमअन्तर्गत गुज्री दुःखको समुदय एवं सम्बर्द्धनमार्फत भव–चक्रमा पिल्सिनुपर्ने गराउँछ ।

दोस्रो भाग 'दुःख–मुक्तिको अवस्था छ र दुःख–मुक्तिको मार्ग छ' भन्नेले 'प्रतीत्यसमुत्पाद–धर्म'को प्रतिलोम प्रक्रियालाई ईंगित गर्दछ । यसले दुःखको कारणलाई उन्मूलन गरी दुःख–मुक्तिको अवस्था 'निर्वाण' साक्षात्कार गर्न सकिन्छ । ती दुःखका कारणहरु उन्मूलन गर्ने मार्ग भनेको 'आर्य अष्टांगिक मार्ग' हो भन्ने तथ्य उजागर गर्दछ । अतः पहिलो भाग अर्थात् अनुलोम प्रक्रियाले दुःख–चक्र घुमाउँछ भने दोस्रो भाग अर्थात् प्रतिलोम प्रक्रियाले सम्पूर्ण दुःखका कारणहरुलाई निमित्यान्न पारी दुःख–मुक्ति दिलाउँछ ।


Downloaded from http://dhamma.digital/

यसकुराको पुष्टि दिन तलको चार्टले बल पुऱ्याउँछ, हेरौँ र यसको अध्ययन गरौँ –

## चार आर्य–सत्यको प्रतीत्यसमुत्पादसँग मिलान गरी हेर्दा –




**प्रतीत्यसमुत्पाद–धर्म**

| | |
|---|---|
| अविद्या<br>संस्कार | अतीत<br>कारण |
| प्रतिसन्धि–विज्ञान<br>नामरुप<br>६ आयतन<br>स्पर्श<br>वेदना | वर्तमान<br>फल |
| तृष्णा<br>उपादान<br>कर्मभव | वर्तमान<br>कारणा |
| पुनर्जन्म<br>जरा–मरणादि दुःखहरु | अनागत<br>फल |

**द्रष्टव्य**

वेदनाबाटै २ मार्ग छुट्टिन्छन् –
१) तृष्णाको मार्ग र
२) प्रज्ञाको मार्ग

'वेदना पच्चया तण्हा' तृष्णाको मार्ग हो र यसले दुःख–चक्र घुमाउँछ।

'वेदना पच्चया पञ्ञा' प्रज्ञाको मार्ग हो र यसले धर्म–चक्र घुमाउँछ र निर्वाणमा पुऱ्याउँछ।



Downloaded from http://dhamma.digital/

माथिको चार्ट अनुसार बुझ्नुपर्ने कुरा –

१) चार आर्य-सत्यको पहिलो र दोस्रो आर्य-सत्य (दुःख आर्य-सत्य र दुःख समुदय आर्य-सत्य) भनेको प्रतीत्यसमुत्पादमा अविद्या, संस्कार, तृष्णा, उपादान, र भव हुन् । यिनले दुःख-चक्र घुमाउँछ र हामीलाई विभिन्न भवमा बारम्बारजन्म दिई जरा मरणादि दुःख भोग्नुपर्ने बनाइदिन्छन् । यी दुवै प्रतीत्यसमुत्पादको अनुलोम खुड्किलामा पर्दछन् ।

२) चार आर्य-सत्यको तेस्रो र चौथो आर्य-सत्य (दुःख निरोध आर्य-सत्य र दुःख निरोधगामिनी प्रतिपदा आर्य-सत्य) भनेको दुःख-मुक्तिको अवस्था र त्यो अवस्था साक्षात्कार गर्न आचरण गर्नुपर्ने मार्ग हुन् । यी दुवै प्रतीत्यसमुत्पादको प्रतिलोम खुड्किलामा पर्दछन् ।

## *१२) जानेको र मानेको धर्म –*

हामीले जानेको धर्म अपनाउनुपर्दछ । संसारमा मानेको धर्म र जानेको धर्म भनी दुई प्रकारका धर्म छन् । मानेका धर्महरुमा अनेक साम्प्रदायिक धर्महरु प्रचलनमा छन् । मानेको धर्मबाट प्रज्ञाको सम्बर्द्धन हुँदैन, लहैलहैमा दौडिने काममात्र हुन्छ र निर्वाण साक्षात्कार गर्ने साधन जुर्दैन र हामीलाई दिग्भ्रमित गराउँछ । नजानिकन मानेको धर्म अन्धविश्वासमा जकडिने हुनाले यसले संसार-चक्रमा घुम्ने कारण मात्र बनाउँछ । हामीलाई दुःखबाट सदाको लागि त्राण दिने धर्म त जानेको (ज्ञानको) प्रज्ञायुक्त धर्म हो । यो कुनै पनि सम्प्रदायमा बाँधिएको हुँदैन । सम्प्रदायमा धर्म पाईदैन, धर्ममा सम्प्रदायलाई ठाउँ हुँदैन । सम्प्रदायबाट अलग्ग रहेको धर्म सही हुन्छ र यो अनुभवजन्य



Downloaded from http://dhamma.digital/

हुने हुँदा यसले सीधा निर्वाणतिरको यात्रा चलाउँछ । मानेको (भनसुनको) धर्मले केही हुँदैन । अनुभवजन्य जानेको (ज्ञानको) धर्म चाहिन्छ । यदि जानेर मानेको भए ठीकै छ । प्रतीत्यसमुत्पाद-धर्म अनुभवजन्य हुन्छ र अन्धविश्वासमा परेर भ्रान्ति पैदा गर्दैन ।

भगवान बुद्धले भन्नुभएको छ, 'मलाई दर्शन गर्नु परे यथार्थ धर्मलाई बुझ्नु ।' यथार्थ धर्मको अवबोधबाट मात्रै बुद्धको दर्शन हुन्छ । नभए बुद्धको दर्शन कदापि गर्न सकिदैन, मूर्तिको मात्र दर्शन गरेको हुन्छ । यस आधारमा पनि हामी भन्न सक्दछौँ कि धर्म जान्नको लागि पञ्चस्कन्ध (नामरुप)को उत्पत्ति, उत्पत्तिको कारणलाई जान्नुपर्दछ । पञ्चस्कन्ध (नामरुप) र तिनको स्वभावलाई पनि यथार्थरुपमा बुझ्नुपर्दछ । त्यसरी नबुझिकन धर्मको अवबोध हुँदैन । मिथ्यादृष्टि हट्दैन । दुःख-वन्धन खुल्दैन ।

'प्रतीत्यसमुत्पाद-धर्म'को अनुलोम प्रतिलोम खुड्किलाले पञ्चस्कन्ध (नामरुप)को प्रादुर्भाव, प्रादुर्भाव हुनाको कारण, पञ्चस्कन्ध (नामरुप)को निरोध र पञ्चस्कन्ध (नामरुप)को निरोध हुने उपायबारे छर्लङ्ग पार्दछ । यसको अर्थ चार आर्य-सत्यको यथार्थ बोध गर्न मद्दत गर्दछ ।

### *१३) अनात्माको पुष्टि -*

अनुलोम खुड्किलाअनुसार हेर्ने हो भने जीव वा आत्मा नामको कुनै चीज भेट्टिदैन । अनुलोम खुडकिला अनुसार -

क) अविद्याको कारणले संस्कार बन्दछ ।

यसबाट पुण्य वा पाप गर्ने व्यक्ति हुन्छ भन्ने आत्मदृष्टि हटेर जान्छ ।



Downloaded from http://dhamma.digital/

ख) संस्कारको कारणले प्रतिसन्धि विज्ञानको उत्पति हुन्छ ।
यसको अर्थ एक भवबाट अर्को भवमा जाने आत्मा नामको कुनै तत्व हुँदैन भन्ने बुझाउँछ ।

ग) प्रतिसन्धि विज्ञानको कारणले नामरुप बन्दछ ।
यसबाट विज्ञानको कारणले नामरुप (पञ्चस्कन्ध)को प्रादुर्भाव हुन्छ, मानिस, अपायलोकका प्राणी, देव, ब्रम्हा भनिने पनि हुँदैन । ती सिर्फ पञ्चस्कन्धमात्र हुन् भन्ने बुझाउँछ ।

घ) नामरुपको कारणले ६ आयतनको उत्पति हुन्छ ।
यसबाट देख्ने, सुन्ने, गन्ध लिने, स्वाद चाख्ने आत्माले हो भन्ने गलत धारणालाई विस्थापित गर्दछ ।

ङ) ६ आयतन हुनाले विषयसँग स्पर्श हुन्छ ।
यसबाट ६ आयतन भएका कारणले मात्र स्पर्श हुन्छ, आत्माले स्पर्शानुभूति गर्ने होइन भन्ने तथ्य प्रष्टिन्छ ।

च) विषयसँगको स्पर्शले प्रियाप्रिय वेदना उब्जिन्छ ।
यसबाट सुख दु:खको अनुभव गर्ने आत्माले होइन, वेदनाले हो भन्ने सम्यक दृष्टि विकसित हुन्छ ।

छ) प्रियाप्रिय वेदनाको कारणले तृष्णा उब्जिन्छ ।
संवेदनाको कारणले नै तृष्णाको उत्पति हुन्छ । मन पराउने नपराउने आत्माले होइन भन्ने तथ्यको उजागर यसले गर्दछ ।

ज) तृष्णाको कारणले उपादान वा कसिलो आसक्ति बन्दछ ।
यसबाट पनि रुप, शब्दादिलाई आत्माले जकड्छ भन्ने मिथ्या धारणालाई हटाउन्छ ।

झ) उपादानको कारणले अर्को भवको कारण तयार हुन्छ ।
यसबाट आत्माले गर्ने कुशल अकुशल कर्मले गर्दा आत्मा भवहरुमा



Downloaded from http://dhamma.digital/

विचरण गर्दछ भन्ने मान्यताको खण्डन गर्दछ ।

ञ) भवको कारणले पुनर्जन्म लिनुपर्ने हुन्छ ।

प्राणी जन्मने कारण ब्रम्हाजीले सृष्टि गरेर होइन । आसक्तिको कारणले भव निर्मित भई भवको कारणले जन्म लिनुपर्ने हुन्छ । कुनै अन्य कारणले प्रभावित भएर होइन भन्ने तथ्य यसले उजागर गर्दछ ।

ट) जन्म लिनुपर्ने कारणले जरा, व्याधि, मरणादि दुःख भोग्नुपर्न हुन्छ ।

जन्म भएको कारणले नै व्याधि जरा मरणादि दुःखहरुको प्रादुर्भाव हुने हो । आत्माको वा ईश्वरीय खेल होइन भन्ने कुरा यसले प्रष्ट पार्दछ ।

ठ) साथै अनेक दुःख, चिन्ता, शोक, आपद, विपद र अनेक शारीरिक र मानसिक दुःखहरु भोग्नुपर्ने हुन्छ ।

यी अर्थहरुलाई मनन गर्दा थाहा लाग्दछ कि सृष्टि गर्ने सृष्टिकर्ता पनि छैन, आत्मा भन्ने पनि छैन र सत्व प्राणी भन्ने पनि छैनन् । सबै क्लेश वट्टका कारणले कर्मवट्ट बनी तिनका कारणले उत्पति भई विपाक भोगिरहेका मात्र हुन् । जब क्लेश समाप्त हुन्छ, कर्म बनिदैन र विपाक पनि भोग्न पर्दैन । भनाइको तात्पर्य हो कारण समाप्त भएपछि त्यसको प्रभाव पनि समाप्त हुन्छ । यसरी नै कर्म कारण समाप्त भएपछि जन्मको पनि अन्त्य हुन्छ र जरा मरणादि दुःखहरुको पनि अन्त्य हुन्छ । यसैलाई दुःख-मुक्तिको अवस्था निर्वाणको साक्षात्कार भनिन्छ ।

यसका लागि मनलाई वशमा लिन आनापान ध्यान र मनलाई क्लेशमुक्त पार्न विपश्यना ध्यान साधनाको अभ्यास अनिवार्य छ ।


Downloaded from http://dhamma.digital/

विपश्यना ध्यानले मात्र वस्तु, व्यक्ति र स्थितिलाई जस्ताको तस्तै अनुभूत गरी भएका क्लेशलाई क्रमशः हटाई नयाँ क्लेश बन्न नदिई दुःख–वन्धनबाट मुक्त गर्न सक्दछ ।

## १४) यो नभएमा त्यो हुँदैन –

सम्पूर्ण दुःख–वन्धनको जडको रुपमा अतीतको कारणमा अविद्या र वर्तमानको कारणमा तृष्णा देखापर्दछ । अतः वर्तमान जीवनमा दुःखलाई समूल नष्ट गर्न तृष्णाको क्षय हुनु नै समाधानको उपायको रुपमा देखापर्छ । यो वर्तमान जीवन पनि भविष्यको लागि अतीत हुनेवाला भएकोले अविद्या र तृष्णालाई नै समूल उच्छेद हुनु अनिवार्य छ । यसउसले प्रतीत्यसमुत्पाद–धर्मको प्रतिलोम खुड्किलाको ज्ञान हुनुपर्दछ र त्यसतर्फ पाइला चाल्नुपर्दछ । जस्तै –

क) अविद्या हटेमा संस्कार बन्दैन ।

ख) संस्कार नबनेमा प्रतिसन्धि विज्ञानको उत्पति हुँदैन ।

ग) प्रतिसन्धि विज्ञान नउब्जेमा नामरुपको उत्पति हुँदैन ।

घ) नामरुप नउब्जेमा ६ आयतनको उत्पति हुँदैन ।

ञ) ६ आयतन नै नभएमा विषयसँगको स्पर्श जनित हुँदैन ।

च) विषयसँगको स्पर्श नै नभएमा वेदना उब्जिदैन ।

छ) वेदना नै नउब्जे तृष्णाको उत्पति हुँदैन ।

ज) तृष्णाको उत्पति नै नभए उपादान हुँदैन ।

झ) उपादान नै नभए कर्मभव बन्दैन ।

ञ) कर्मभव नै नबने जन्म लिनुपर्ने हुँदैन ।

ट) जन्म नै लिन नपरे जरा, व्याधि र मरणादि दुःखहरु भोग्नुपर्ने कारण जुर्दैन ।



Downloaded from http://dhamma.digital/

## १५) प्रतीत्यसमुत्पाद-धर्ममा ३ वट्ट, २ मूल, ४ भागको जानकारी र ३ कालको विभाजन –

१) तीन वट्ट चक्र :





क) **ल्केश वट्ट** – यसमा ३ खुड्किला पर्दछन् – अविद्या, तृष्णा र उपादान । यी कर्म बनाउने आाधार हुन् । यिनीहरुकै माध्यमद्वारा भवमा पदार्पण गराउने कर्महरुको निर्माण हुन्छ ।

ख) **कर्म वट्ट** – यसमा २ खुड्किला पर्दछन् – संस्कार र कर्म भव । यी कर्महरु पञ्चस्कन्ध (नामरुप) बन्ने आधार हुन् । यिनकै कारणले जीवले भवमा जीवन पाएको हुन्छ ।


ग) **विपाक वट्ट** – यसमा बाँकी ७ खुड्किला पर्दछन् – प्रतिसन्धि विज्ञान, नामरुप, ६ आयतन, स्पर्श, सवेदना, पुनर्जन्म र जरा-मरणादि दु:खहरु । उपपति भव पनि लिंदा ८ हुन्छन् । यो विपाक वट्ट जन्मपछिको दु:ख भोगाइको हो ।

२) **दुई मूल** : दु:ख-चक्र प्रवर्तन हुने प्रमुखरुपमा २ कारण छन् –

क) अविद्या मूल




ख) तृष्णा मूल






Downloaded from http://dhamma.digital/

३) ४ भाग :

फेरि हेतु फलानुसार यी १२ खुड्किलाहरुलाई ४ भागमा पनि विभक्त गरी हेर्न सकिन्छ –

| | | |
|---|---|---|
| क) **अविद्या र संस्कार ।** | – अतीत कारण – | २ |
| ख) **विज्ञान, नामरुप, षडायतन, स्पर्श र वेदना ।** | – वर्तमान फल – | ५ |
| ग) **तृष्णा, उपादान र कर्मभव ।** | – वर्तमान कारण – | ३ |
| घ) **जन्म र जरा-मरणादि दु:खहरु** | – अनागत फल – | २ |
| | जम्मा – | १२ |

४) तीन कालमा विभाजन :

प्रतीत्यसमुत्पाद–धर्मलाई ३ कालमा विभाजन गरिएको छ जसको तलको चार्टद्वारा प्रष्ट पारिएको छ ।

## प्रतीत्यसमुत्पाद–धर्मलाई तीनकालमा विभाजन :

| अतीतकाल | वर्तमान काल | | अनागत काल |
|---|---|---|---|
| पञ्चस्कन्ध धारण गराउने पूर्वकारण | पञ्चस्कन्ध धारण | पञ्चस्कन्ध धारण गराउने वर्तमान कारण | पञ्चस्कन्ध धारण |
| अविद्या<br>संस्कार | विज्ञान<br>नामरुप<br>षडायतन<br>स्पर्श<br>वेदना | तृष्णा<br>उपादान<br>कर्मभव | जन्म, जरा, ब्याधि, मरण, शोक, पारदेव, दु:ख, दौमनस्य, उपायासा |

अतीत कारण → वर्तमान फल → वर्तमान कारण → अनागत फल



Downloaded from http://dhamma.digital/

## १६) प्रतीत्यसमुत्पाद–धर्ममा दुःखको भूमिका –

क) दुःख धर्मको आधारशीला हो । भगवान बुद्धले पनि दुःख नै सत्य हो भन्नुभएको छ, सुख होइन । वास्तविक दुःखलाई बुझ्नेपछि त्यो दुःखको कारण खोजिन्छ । कारण राखिछोड्न मन गर्दैन । कारण हटाउन खोजिन्छ । उसलाई थाहा लाग्छ कि कारण हटाइएपछि दुःखको अस्तित्व रहँदैन । यस्तो ज्ञान भएपछि दुःखका कारणहरु हटाउने उपाय खोजिन्छ । उपाय हात लागेपछि अभ्यास तथा आचरणमा दृढताकासाथ लागिन्छ र कालान्तरमा दुःख–मुक्तिको अवस्था भेट्टाइछाड्छ । प्रतीत्यसमुत्पाद–धर्मले पनि यही कुराको शिक्षा दिन्छ ।

सारीपुत्र भन्तेले त यकिन साथ भन्नुभएको छ – "यो पटिच्चसमुप्पादं पस्सति, सो धम्मं पस्सति ।" अर्थात् जसले प्रतीत्यसमुत्पाद–धर्मलाई यथार्थ अवबोध गरेको छ, उसले धर्मलाई यथार्थरुपमा जाने बुझ्नेको हुन्छ ।

फेरि भगवान बुद्धले आज्ञा गर्नुभएको छ – "यो धम्मं पस्सति, सो मं पस्सति ।"

अर्थात् जसले धर्मलाई राम्ररी जाने बुझ्नेको छ, उसले मेरो दर्शन गरेको हुन्छ ।

### ख) दुःखबाटै निर्वाणसम्मको बाटो तय हुन्छ –

यस प्रसंगलाई पुष्टि गर्ने सूत्र तल दिइन्छ ।

१) दुःखबाट धर्मप्रति श्रद्धा जाग्दछ ।

२) श्रद्धाबाट प्रमोद उत्पन्न हुन्छ ।

३) प्रमोदबाट प्रश्रब्धि हुन्छ ।

४) प्रश्रब्धिबाट सुख हुन्छ ।



Downloaded from http://dhamma.digital/

५) सुखबाट समाधिलाभ हुन्छ ।

६) समाधिबाट प्रज्ञाको विकास हुन्छ ।

७) प्रज्ञाबाट भयज्ञान हुन्छ ।

८) भयज्ञानबाट भङ्गज्ञान हुन्छ ।

९) भङ्गज्ञानबाट विराग उत्पन्न हुन्छ ।

१०) विरागबाट अर्हत मार्ग अपनाइन्छ ।

११) अर्हत मार्गबाट अर्हत फल प्राप्त हुन्छ ।

१२) अर्हत फलपछि परिनिर्वाण मिल्छ ।

**ग) दुःखको उत्पत्तिमा 'प्रतीत्यसमुत्पाद-धर्म'को आधार –**

राम्रो र मनपर्ने विषय भए प्रियको आसक्ति हुन्छ अनि सुखद् संवेदना जाग्दछ । नराम्रो र मन नपर्ने विषय भए अप्रियको आसक्ति हुन्छ अनि दुःखद् संवेदना जाग्दछ । आसक्ति कस्सिँदै जानाले उपादान बन्दछ । उपादानको कारणले नै भव बन्दछ । भवबाटै पुनर्जन्म हुन्छ अनि जरा, व्याधि, मरण, शोक, परिदेव दोमनस्स उपायास हुन्छ । यसरी तृष्णाको कारणले दुःखको पहाड नै खडा हुन्छ ।

'प्रतीत्यसमुत्पाद' मा भगवान बुद्धले के कारणले के बन्दछ र के प्रभाव हुन्छ भनेर राम्ररी सम्झाउनुभएको छ । प्रतीत्यसमुत्पादको अनुलोम प्रक्रियामा दुःखको प्रादुर्भाव हुने कारणहरु वा जन्म मरणका आधारहरुको वर्णन छ भने प्रतिलोम प्रक्रियामा ती कारणहरुको निवारण अर्थात् दुःखबाट पूर्ण मुक्तिको अवस्था प्राप्त हुन सकिने आधारहरुको वर्णन छ । त्यसलाई निम्नानुसार स्पष्ट बुझ्न सकिन्छ ।


माथि दोस्रो आर्य-सत्यअन्तर्गत हामीले बुझ्यौं कि दुःखको असीम पहाड अविद्याबाटै प्रारम्भ हुन्छ । हामीमा प्रज्ञाज्ञानको अभाव हुँदा दुःखलाई पनि सुख, असत्यलाई पनि सत्य, अनात्मालाई पनि


Downloaded from http://dhamma.digital/

आत्मा, अकुशललाई पनि कुशल, अशुभलाई पनि शुभ भन्ने भ्रान्तिमा परेर कर्म गर्दछौं । त्यही कर्मको कारणले बारम्बार भवमा प्रतिसन्धि हुनुपर्ने हुन्छ ।

जन्मपछि शरीर र मनसहितको जीवन भिर्नुपरिहाल्छ । शरीर भएपछि आँखा, कान, नाक, जिब्रो, त्वचा र मन हुने भइहाल्यो । आँखाको रुपसँग, कानको शब्दसँग, नाकको गन्धसँग, जिब्रोको स्वादसँग, त्वचाको कायस्पर्शसँग र मनको विचार वा कल्पनासँग ठक्कर खाने हुन्छ । यसरी ठक्कर खाँदा, आँखाले राम्रो रुप देख्दा, कानले प्रिय शब्द सुन्दा, नाकले सुगन्ध सुँघ्दा, जिब्रोले मिठो स्वाद पाउँदा, त्वचाले नरम स्पर्श पाउँदा र मनले सुन्दर विचार वा कल्पना गर्दा त्यसमा मनपर्ने संवेदनाको अनुभूति हुन्छ । त्यस्तै नराम्रो रुपमा, अप्रिय शब्दमा, दुर्गन्धमा, नमिठो स्वादमा, खस्रो स्पर्शमा र असुन्दर विचारमा मन नपर्ने संवेदनाको अनुभूति हुन्छ । मनपर्ने संवेदनामा राग र मन नपर्ने संवेदनामा द्वेष उत्पन्न हुन्छ । भन्नुको तात्पर्य तृष्णा उब्जिन्छ । तृष्णापछि उपादान, उपादानपछि कर्मभव, कर्मभवपछि पुनर्जन्म, पुनर्जन्मपछि रोगी हुनुपर्ने, बुढाबुढी हुनुपर्ने, मर्नुपर्ने र अनेक प्रकारका शारीरिक र मानसिक दुःखहरुको सिकार हुनुपर्ने हुन्छ ।

**घ)** क्लेशबाट कर्म बन्दछ, कर्मबाट जन्म हुन्छ, जन्मबाट दुःख हुन्छ र दुःखमा राग, द्वेष र मोहको प्रतिक्रिया भएमा फेरि क्लेश बन्दछ । यो तलको चित्रद्वारा यस कुराको पुष्टि मिल्दछ –






Downloaded from http://dhamma.digital/

## १७) प्रतीत्यसमुत्पाद-धर्ममा पद विभाजन -

१) दुई मूल, - अविद्या (अतीत मूल) र तृष्णा (वर्तमान मूल) ।

२) दुई सत्य, - प्रज्ञप्ति सत्य र परमार्थ सत्य ।

३) चार विभाग, - अतीत हेतु, वर्तमान फल, वर्तमान हेतु, अनागत फल ।

४) बाह्र अङ्ग, - १) अविद्या, २) संस्कार,
३) प्रतिसन्धि विज्ञान, ४) नामरुप,
५) षडायतन, ६) स्पर्श,
७) सवेदना, ८) तृष्णा,
९) उपादान, १०) कर्मभव,
११) पुनर्जन्म, १२) जरा-मरणादि दुःखहरु

५) तीन सन्धि, - क) अविद्या र विज्ञानको बीचमा पहिलो सन्धि,
(अतीत हेतु र वर्तमान फल सन्धि)
ख) वेदना र तृष्णाको बीचमा दोस्रो सन्धि
(वर्तमान फल र वर्तमान हेतु सन्धि)
ग) भव र पुनर्जन्मबीचमा तेस्रो सन्धि ।
(वर्तमान हेतु र अनागत फल सन्धि)

६) दुई हेतु, - अतीत हेतु र वर्तमान हेतु ।

७) तीन वट्ट, - क्लेश वट्ट, कर्म वट्ट र विपाक वट्ट ।

८) तीन काल, - अतीत, वर्तमान र अनागत ।

९) बीस आकार -

अविद्या, संस्कार, तृष्णा, उपादान र भव - ५ (अतीत हेतु)
विज्ञान, नामरुप, षडायतन, स्पर्श र वेदना - ५ (वर्तमान फल)
तृष्णा, उपादान, भव, अविद्या र संस्कार - ५ (वर्तमान हेतु)



Downloaded from http://dhamma.digital/

विज्ञान, नामरुप, षडायतन, स्पर्श र वेदना – ५ (अनागत फल)

जम्मा २०

## १८) प्रतीत्यसमुत्पादलाई बुझ्ने बुझाउने आधार –

क) यो कार्य–कारणको श्रृङ्खला हो ।

ख) त्यो भएमा यो हुन्छ,

ग) यो नभए त्यो हुँदैन,

घ) यसको विनास भए त्यसको पनि विनास हुन्छ ।

ङ) यसको भर परेर त्यसको उत्पत्ति हुन्छ ।

यसको ज्वलन्त दृष्टान्त –

आकासमा कालो बादल मडारिरहेको छ । एकैछिनपछि घनघोर वर्षा हुन्छ । वर्षाको कारणले बाटो हिलाम्य हुन्छ । त्यो हिलाम्य बाटोको कारणले एउटा बटुवा हिंड्दा चिप्लेर लड्छ । लडेको कारणले उसको खुट्टा मर्किन्छ र घुँडामा फ्याक्चर हुन्छ । फ्याक्चर भएकै कारणले उसलाई अस्पतालमा भर्ना गरिन्छ । अनि त उसलाई बेडमा खुट्टा झुण्ड्याइराख्नुपर्ने बनाइदिन्छ । त्यसको कारणले उसले दुःख भोग्नुपर्ने हुन्छ । त्यसैको कारणले उसको परिवारले समेत सास्ति खेप्नुपर्ने हुन्छ ।

यस दृष्टान्तमा हामी देख्छौँ – पानी परेको कारण आकासमा कालो बादल भएरै हो । बाटो हिलाम्य भएको कारण पानी परेरै हो । मानिस लडेको र खुट्टा फ्याक्चर भएको कारण लडेरै हो । अस्पतालमा भर्ना हुन परेको कारण खुट्टा फ्याक्चर भएरै हो । अझ भनौँ भने खुट्टा भएको कारण शरीर धारण गर्नु परेरै हो । शरीर धारण गर्नु परेको कारण जन्मले नै हो । जन्मनुको कारण कर्मले



Downloaded from http://dhamma.digital/

हो । कर्मविपाकको कारण उसले र परिवारले दुःख खेप्न परेको हो । यसरी हेर्दै गएमा प्रतीत्यसमुत्पाद–धर्मका सबै अङ्गहरु एकपछि अर्को भई कारण–कार्यको श्रृङ्खला चल्दछ ।

यसको विपरित, दृष्टिगत गरेमा आकासमा बादल नभएको भए पानी पर्ने नै थिएन अनि बाटो चिप्लो हुने नै थिएन । त्यो मानिस लड्ने नै थिएन । ऊ घाइते हुने नै थिएन । दुःख बेसाउन पर्ने नै थिएन ।

कारण–कार्यको सिद्धान्तमा कारण कारणमात्र भएर बस्दैन र कार्य कार्यमात्र भएर बस्दैन । अघिको कारणले पछिको कार्य हुन्छ । त्यो कार्य पनि त्यसपछिको कार्यको लागि कारण बन्दछ ।

संसारमा अघिको कारणको आधार नपाई कुनै पनि घटना घट्न सक्दैन । कुनै पनि कुरा जहाँबाट सुरु भएर अगाडि बढेको हो, त्यो आफै पनि पछिल्लो घटनाको कारण बनी तलतिर बढिरहेको हुन्छ । यसरी कारण–कार्यको पाङ्ग्रा गुड्दैजान्छ । यसैलाई 'कारण–कार्यको सिद्धान्त' भनिन्छ ।

पञ्चवर्गीयमध्ये कान्छा अस्सजि भन्ते भर्खर भर्खरै अरहन्त भएको अवस्था थियो । उपतिस्स जो पछि गएर सारीपुत्रको नामले प्रख्यात भए, उनको पछिपछि लागे अस्सजिबाट ज्ञान पाउनको लागि । बुद्धकहाँ गएर ज्ञान माग भनेर भन्दा पनि नमानेको र आफूबाटै ज्ञान सुनिलिने ढिपि गरेपछि अस्सजि भन्तेले उपतिस्सलाई उपदेश गर्नुभएको प्रसिद्ध गाथा यतिखेर यहाँ मननीय छ जसले यही 'प्रतीत्यसमुत्पाद–धर्मको वकालत गरिरहेको पाउँछौं ।
त्यो गाथा हो –


Downloaded from http://dhamma.digital/

*'ये धम्मा हेतुप्पभावा, तेसं हेतु तथागतो आह ।*
*तेसं च यो निरोधो, एवंवादी महास्समणो ।।'*

अर्थ –

जुनसुकै वस्तु, व्यक्ति वा धर्म पनि हेतुमा आधारित हुन्छ वा हेतुबाट प्रभावित हुन्छ । विना हेतु कुनै पनि धर्म वा घटनाको प्रादुर्भाव हुँदैन । फेरि त्यो हेतुको पनि हेतु हुन्छ । त्यतिमात्र होइन, त्यो हेतुको पनि निरोध हुन्छ भनेर आज्ञा गर्नुहुने हाम्रा तथागत महाश्रमण भन्ते भगवान हुनुहुन्छ ।

बोधिसत्व हुनुभएका सिद्धार्थ कुमारले जब जन्म, जरा, व्याधि मरणजस्ता सर्वव्यापि दुःखको मूल के हो र ती दुःखबाट कसरी पूर्णरुपले त्राण पाउन सकिन्छ भन्ने ज्ञान पाउन सम्पूर्ण दरवारी सुख सयल, धन वैभव, नाताकुतुम्ब, आमाबाबु, पत्नी पुत्रादि त्याग गरी काषाय वस्त्र धारण गर्नुभयो । उहाँले बोधिवृक्षमुनि अधिष्ठान गरी बसेर त्यसैबारे चिन्तना गर्नुभयो कि ती दुःखहरु कहाँबाट आए, के कारणले आए, तिनीहरुबाट त्राण पाइने माध्यम के हो भन्ने विषयमा घोत्लिनुभयो । अन्तमा उहाँमा दुःख कहाँबाट के कारणले उत्पति हुँदो रहेछ र त्यसको अन्त्य कसरी गर्न सकिंदो रहेछ भन्नेबारे यथार्थ ज्ञानको उदय भयो । त्यो ज्ञान 'प्रतीत्यसमुत्पाद–धर्म' नै हो । यसलाई संक्षिप्तमा यसरी प्रकाश पार्न सकिन्छ –

दुःखको उत्पत्ति र त्यसको जकडबारे उहाँले पाउनुभएको ज्ञानको आधार यस प्रकार छ –

१) जरा, ब्याधि, मरणादि दुःख जन्ममा आधारित हुन्छन् ।

२) जन्म कर्मभवमा आधारित हुन्छ ।

३) कर्मभव उपादान (कसिलो आसक्ति)मा आधारित हुन्छ ।

४) उपादान तृष्णामा आधारित हुन्छ ।



Downloaded from http://dhamma.digital/

५) तृष्णा सुख दुःखको अनुभूति (संवेदना)मा आधारित हुन्छ ।

६) संवेदना आयतन र आलम्बनको स्पर्शमा आधारित हुन्छ ।

७) स्पर्श, ६ आयतनहरु र तिनका आआफ्ना विषयहरुमा आधारित हुन्छन् ।

८) इन्द्रियहरु र तिनका विषयहरु नामरुपमा आधारित हुन्छन् ।

९) नामरुप विज्ञान (प्रतिसन्धि–चित्त)मा आधारित हुन्छ ।

१०) विज्ञान संस्कारमा आधारित हुन्छ ।

११) संस्कार अविद्या (सही ज्ञानको अभाव)मा आधारित हुन्छ ।

१२) अतः सम्पूर्ण दुःखको मूल कारण अविद्या नै हो ।

## *१९) दुःखबाट पूर्ण मुक्ति –*

जब अविद्याको समूल विनास हुन्छ, संस्कार (कर्म) नै बन्दैन । जब संस्कार छैन भने प्रतिसन्धि–विज्ञान उत्पन्न हुँदैन । विज्ञान नै छैन भने नामरुप कसरी होला ? नामरुपै छैन भने ६ इन्द्रियहरुको प्रादुर्भाव हुँदैन । इन्द्रियहरु नै छैनन् भने तिनका आआफ्ना विषयसँग स्पर्श हुँदैन । स्पर्श नै भएन भने संवेदना उब्जिने सम्भव नै हुँदैन । संवेदना नभए सुख दुःखमा तृष्णाको प्रतिक्रिया हुँदैन । तृष्णा नै छैन भने उपादानको गाँठो कसरी कस्ला ? उपादान भएन भने कर्मभव बन्दैबन्दैन । कर्मभव नभएमा पुनर्जन्म हुँदैहुँदैन । जन्म नभए बुढाबुढी हुनुपर्ने, रोगी हुनुपर्ने, मृत्युको सिकार हुनुपर्ने र अनेक प्रकारका शारीरिक र मानसिक दुःखहरु हुँदैहुँदैनन् । यसरी सम्पूर्ण दुःख–बन्धनबाट सदाको लागि छुट्कारा मिल्दछ । यसै अवस्थालाई निर्वाण (अक्षय सुखको अवस्था) भनिएको छ । यही नै सम्पूर्ण दुःखबाट पूर्ण–मुक्तिको अवस्था हो । यही अवस्था प्राप्तार्थ नै नरजन्म हो । नरजन्मको सार्थकता यसैमा भेट्टिन्छ ।



Downloaded from http://dhamma.digital/



२०७२ चैत्र १३ गते लुम्बिनी स्थित थेरवाद बौद्ध विहार निर्माण सहयोगार्थ आयोजित भिक्षाटन, भोजनदान कार्यक्रम तथा अष्टपरिष्कार दान



२०७२ सालको विनासकारी महाभूकम्पले त्रसित वर्गलाई यस संघको आयोजनामा श्रद्धय भन्तेहरुबाट त्रासमुक्त हुनको लागि धर्म देशना गर्नु भएको ।



टोखा स्थित आनन्द बुद्धभूमि विहारमा आयोजित यस धम्मसाकच्छा संघको १४ औं वार्षिक साधारण तथा बुद्ध पुजा



२०६७ साल देखि आयोजित बुद्ध जन्मभूमि लुम्बिनी, नेपाल र बुद्धकालिन पुरातात्विक र ऐतिहासिक स्थानहरुको सत्य तथ्य मुलक फोटो प्रदर्शनी




२०७२ सालको महाभुकम्पबाट पिडित ललितपुर स्थित खोकना निवासीहरुलाई यस संघबाट राहत वितरण गर्दै



२०७२ सालको महाविनासकारी भुकम्पको समयमा ललितपुर, थैना स्थित यशोधरा बौद्ध विद्यालयका विद्यार्थीहरुलाई खाजा वितरण ।

Downloaded from http://dhamma.digital/



तपाईको हातमा

# लेखक श्री दोलेन्द्ररत्न शाक्यका हालसम्म प्रकाशित भइसकेका कृतिहरु





प्रकाशक
धम्मसाकच्छा संघ
ह:खा टोल, ललितपुर। फोन : ५५३८८८०

Downloaded from http://dhamma.digital/